# स्थानीय राजपत्र

## नागार्जुन नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ - संख्या १ - प्रकाशित मितिः श्रावण १ गते २०७९ साल

भाग -१

नगर सभाको अधिवेशनबाट स्वीकृत मितिः २०७९/३/१५ गते

आ.व. २०७९८० मा प्रकाशित ऐन - १

## नागार्जुन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## सितापाईला, काठमाडौं ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नागार्जुन नगर सभाको अधिवेशनले स्वीकृत गरेको आर्थिक ऐन, २०७९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नागार्जुन नगरपालिकाको आर्थिक विधेयक, २०७९

(कार्यपालिकाको बैठकबाट स्वीकृत मिति: २०७८/०३/०८)

नगर सभाको अधिवेशनबाट स्वीकृत मिति: २०७९/०३/१५

**नागार्जुन नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना:** नागार्जुन नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२)

बमोजिम नागार्जुन नगर सभाबाट पारित गर्नको लागि यो विधेयक बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस विधेयकको नाम नागार्जुन नगरपालिकाको आर्थिक विधेयक, २०७९ रहेको छ ।
(२) यो विधेयक, २०७९ को छैठौं नगर सभाबाट पारित गरे पछि २०७९ साल श्रावण १ गतेदेखि नागार्जुन नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **<u>सम्पत्ति करः</u>** नगरपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर घर/जग्गा कर लगाइने र असुल उपर गरिनेछ ।

३. **<u>भूमि कर (मालपोत):</u>** नागार्जुन नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **<u>घर बहाल करः</u>** नागार्जुन नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएको भएमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. **<u>उद्योग/व्यवसाय करः</u>** नगरपालिका क्षेत्र भित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा पुंजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **<u>जडिबुटी, कवाडी र जीवजन्तु करः</u>** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाखं, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. **<u>सवारी साधन करः</u>** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा प्रदेश कानुन बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **<u>विज्ञापन करः</u>** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा प्रदेश कानुन बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

९. **<u>मनोरञ्जन करः</u>** नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानून बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **<u>बहाल बिटौरी शुल्क:</u>** नगरपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **<u>पार्किङ्ग शुल्क:</u>** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराएवापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **<u>ट्रेनिङ्ग, कोरोकिड, क्यानेइङ्ग, बन्जी जम्पिङ्ग, जिप क्लायर र र्याफ्टीङ्ग शुल्क:</u>** नगरपालिकाले आफ्नो क्षेत्र भित्र ट्रेनिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लगाइनेछ असुल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइनेछ असुल उपर गरिनेछ ।

१४. **<u>पर्यटन शुल्क:</u>** नगरपालिकाले आफ्नो क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१५. **<u>कर छुट:</u>** बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **<u>कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि:</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।